

साउथ एसिया वाच अन ट्रड इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) ले मंगलबार आयोजना गरेको कार्यक्रममा रत्नाकर अधिकारी (दायाँबाट), उद्योग वाणिज्य महासंघ अध्यक्ष कुशकुमार जोशी, सावती अध्यक्ष पोषराज पाण्डे, मुख्य सचिव माधवप्रसाद घिमिरे, अर्थविद् विश्वम्भर प्याकुरेललगायत । समाचार पृष्ठ १३ मा ।

तस्बिर : कौशल अधिकारी/कान्तिपुर

# 'गरिब देशमा कम सहायता'

**कान्तिपुर संवाददाता**

काठमाडौं- व्यापारका लागि सहायता कार्यक्रमअन्तर्गत नेपालले दातृ निकायले गरेको प्रतिबद्धताको ७५ प्रतिशत मात्रै पाउने गरेको छ । सन् २००८ मा नेपालले १७ करोड डलर (करिब १२ अर्ब रुपैयाँ) व्यापार विस्तारका लागि सहायता पाएको छ । त्यस अवधिमा दातृ निकायको प्रतिबद्धता २३ करोड डलर (करिब साडे १६ अर्ब रुपैयाँ) थियो ।

'सन् २००८ मा प्रतिबद्धताको केही नजिक सहयोग पाइएको हो,' साउथ एसिया वाच अन ट्रड इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) रत्नाकर अधिकारीले भने, 'त्यसअघि प्रतिबद्धताभन्दा निकै कम सहयोग पाउदै आएको थियो ।' यो ओइसिडीले देखाएको तथ्याक हो ।

अब नेपालमै सहयोगको आप्रवाहसँगै यसको खर्च प्रगतिलगायत क्षेत्र समेटेर व्यापारका लागि सहायता कार्यक्रमको प्रभावकारिताबारे सावतीले विस्तृत अध्ययन गर्ने भएको छ । सावतीले मंगलबार एक कार्यक्रम आयोजना गरी उक्त जानकारी दिएको हो ।

नेपालमा यसबारे बृहत् अध्ययन भई नसके पनि ओइसिडीको तथ्यांकले व्यापारका लागि सहायता अन्तर्गत प्रवाह हुने ७० प्रतिशत सहयोग २० देशले मात्र पाइरहेका छन् । यसमा भारत, टर्कीजस्ता विकासोन्मुख देश पनि छन् । 'यी २० देशमा बंगलादेश मात्रै अतिकम विकसित मुलुक हो,' अधिकारीले भने, 'जबकि भारतले केही देशलाई सहयोगसमेत गरिरहेको छ ।'

विश्व व्यापार संगठनअन्तर्गत विकासोन्मुख र अतिकम विकसित देशले व्यापार विस्तार गर्न नसकेपछि सन् २००१ मा व्यापारका लागि दातृ निकाय र धनी देशहरूले सहयोग गर्नुपर्ने अवधारणालाई स्विकारिएको थियो । व्यापारका लागि सहायतासँगै गरिब देशका अन्य मुद्दा समेटिएको दोहामा सम्पन्न संगठनको मन्त्रीस्तरीय घोषण अझै कार्यान्वयन हुन सकेको छैन ।

सहायतालाई थप अगाडि बढाउन सन् २००५ मा हङकङमा सम्पन्न संगठनको छैठौं मन्त्रीस्तरीय बैठकमा यसलाई थप अगाडि बढाउने प्रयास भयो । 'तर नेपालजस्ता अतिकम विकसित मुलुकले भने अपेक्षाकृत सहयोग पाउन सकेका छैनन्,' सावतीका अध्यक्ष पोषराज पाण्डेले भने ।

सरकारले पनि धेरै दातृ निकायले आफ्नो नेपाल सहयोग रणनीतिपत्रमा व्यापारका लागि सहायता कार्यक्रम राख्न नसकेको जनाएको छ । 'धेरै निकायको प्राथमिकतामा व्यापारका लागि सहायता कार्यक्रम छैन,' वाणिज्य मन्त्रालयका सहसचिव चन्द्र घिमिरेले भने ।

सरकारले यसरी प्राप्त सहयोगको प्रभावकारी कार्यान्वयनका लागि मुख्य सचिवको अध्यक्षतामा समिति पनि गठन गरेको छ । यसैगरी सरकारले सहयोगको समेत अपेक्षा गर्दै आफ्ना १९ वटा तुलनात्मक लाभ भएका वस्तुसमेत पहिचान गरिसकेको छ । कार्यक्रममा उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले नेपालले पर्याप्त सहयोग पाउन नसकेको कारण खोजी त्यसको निराकरण गर्नुपर्ने बताए ।